प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# गण्डकी प्रदेश, प्रदेश कार्यालय, पोखरा

पूर्वाधार निरिक्षण शुल्क जम्मा गर्ने सम्वन्धमा

(प्रकाशित मिति २०७८।१०।०५)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, स्तर निर्धारण महाशाखा, सानोठिमी, भक्तपुरको मिति २०७८।०६।२० र मिति २०७८/०७/१७ गतेको (संसोधित सूचना समेत) अनुसार छोटो अवधिको तालिम सञ्चालन गर्न ईच्छुक संघ/सस्थाहरुवाट आव्हान गरिएको प्रस्तावना अनुसार तोकिएको मिति भित्र रित पुर्वक दर्ता भई योग्यता पुगी छनौट भएका र यस कार्यालयको मिति २०७८।०९।१६ को प्रकाशित सूचना अनुसार पुर्वाधार निरिक्षण शुल्क समेत जम्मा गरी यस कार्यालयमा वैङ्क भौचर सहित निवेदन पेश गरेका संस्थाहरुले २०७८/१०/२० सम्म यस अघिका सूचनाहरूमा उल्लेखत भए अनुसार एउटै सेक्टरमा भए अधिकतम ५ वटा र फरक फरक सेक्टरमा भए ३ वटा सम्मका कार्यक्रमहरुको स्वीकृति लिनका लागि परिषद् कार्यालयको पाठ्यक्रममा व्यवस्था भए अनुसार पुर्वाधार तयार गरी तयारी अवस्थामा रहन जानकारी गराईन्छ।साथै तपशिल अनुसारको कागजपत्र सहितको फाईल समेत तयार गरि राख्नुहुन समेत यसै सूचनाबाट सुचित गरिन्छ।

तपशिलः

- कम्पनि दर्ताको प्रमाणपत्र, प्रवन्ध पत्र र कम्पनि नियमावलि,
- कर चुक्ता र कम्पनि अद्यावधिक २०७७/०७८,
- प्रति कार्यक्रम २ जना प्रशिक्षकहरूको प्राविधिक योग्यताको प्रमाण पत्र तथा नागरिकता प्रमाण पत्र को प्रतिलिपी तथा संस्था आवद्धता पत्र,
- घरभाडा सम्झौता र लालपुर्जाको प्रमाणित प्रतिलिपि,
- www.ctevt.org.np मा download वाट short term पुर्वाधार निरिक्षण प्रतिवेदन फारम download गरि फारम भरी तयारी अवस्थामा राख्ने।

**पुनश्चः** साथै यस सम्वन्धी अन्य जानकारीको लागी gandakitech@gmail.com प्रयोग गर्नुहुन जानकारी गराईन्छ।

निर्देशक